# P. Anand & Associates
*Chartered Accountants*

Kumari Mandir Marg,
Kopundol-10, Lalitpur
G.P.O. Box No.: 12113
Kathmandu, Nepal.

Ph.: +977-01-5530250
Fax: +977-01-5530250
Email: panand29@yahoo.com
panand.associates@gmail.com


## ललितपुर उपमहानगरपालिकाको आर्थिक वर्ष २०६९।०७० को लेखापरिक्षक प्रतिवेदन

श्री नगरपरिषद् सदस्य महानुभावहरू,
ललितपुर उपमहानगरपालिका
ललितपुर

१। हामीले ललितपुर उपमहानगरपालिका कार्यालय, ललितपुरको आर्थिक वर्ष २०६९।०७० को संयुक्त वार्षिक आय व्यय विवरण र सोसंग सम्बन्धित अनुसुचीहरूको लेखापरिक्षण सम्पन्न गरेका छौं । आफूले गरेका कारोबारको लेखा राख्नु, सो लेखा अनुसार आर्थिक विवरण तयार पार्नु र खुलाउनु पर्ने सारभूत विषयलाई आय व्यय विवरणमा दर्शाउनु उपमहानगरपालिकाको जिम्मेवारी हो । सो आय व्यय विवरणले लेखा र आर्थिक बारोबारको सही र दुरूस्त अवस्था दर्शाएको छ भन्ने कुरामा विश्वस्त हुन प्रचलित कानुन र नेपाल लेखापरिक्षमणमान अनुसार लेखापरिक्षण योजना र कार्यक्रम तयार गरी सोको आधारमा लेखापरिक्षण गरी राय प्रदान गर्नु हाम्रो उत्तरदायित्व हो ।

२।स्थानीय निकायसंग सम्बन्धित कानुन, लेखापरिक्षणको सवृमान्य सिद्धान्त र नेपाल लेखापरिक्षणमानको आधारमा लेखापरिक्षण सम्पन्न गरेका छौं । ती कानुन, सिद्धान्त र लेखापरिक्षणमान अनुसार प्रस्तुत आय वयय विवरण सारभूत रूपमा आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि लेखापरिक्षण योजना तयार गरी तदअनुरूप लेखापरिक्षण समपन्न गर्नु पर्दछ । आय वयय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परिक्षणसमेत लेखापरिक्षणम समावेश हुन्छ । कार्यालयले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्तवपूर्ण अनुमान एवं आय व्यय विवरण प्रस्तुतिको समग्र स्थितिको मूलयांकन पनि लेखापरिक्षणमा समावेश हुन्छ । लेखापरिक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३।लेखापरिक्षणको क्रममा हाम्रो जनकारीमा आएका महत्तवपूर्ण व्यहोरा र कैफियतहरू नगरपालिका व्यवस्थापनलाई उपलबध गराइएको र सो उपर व्यवस्थापनको प्रतिक्रिया समेतलाई विचार गरी यसैसाथ अनुसुचीमा संलग्न गरेका छौं ।

४।हाम्रो रायमा, व्यवसथापनबाट प्राप्त प्रतिनिधित्व पत्र, माथि बुंदा नं. ३ संग सम्बन्धित अनुसुचीमा उल्लेख भएका व्यहोराले पार्ने प्रभावको असर बाहेक प्रस्तुत आय व्यय विवरणले स्थानीय स्वायत्त शासन ऐन, २०५५, नियमावली, २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम उपमहानगरपालिकाको आर्थिक वर्ष २०६९।०७० को लेखा र आर्थिक कारोबारको सही र दुरूस्त अवस्था दर्शाउंछ ।

P. Anand & Associates, Kathmandu, Chartered Accountants

मिति: २०७०।०९।२५
स्थान: ललितपुर, नेपाल

सि.ए. पियूस आनन्द
चार्टर्ड एकाउन्टेन्टस्